# दशरथचन्द नगरपालिकाको महिला अधिकार संरक्षण सम्बन्धि नीति २०७५

## पृष्ठभुमी

दशरथचन्द नगरपालिकाको स्थापना २०५४ सालमा भएको तत्कालिन ६ वटा गा.वि.स.हरु (जगन्नाथ ,थालीगडा,खलंगा,त्रिपुरासुन्दरी ,बाराकोट ,दशरथचन्द ) समेटिएर यस न.पा.को स्थापना भएको हो र नेपालको संविधान २०७२ मा व्यवस्था भएअनुसार २०७३ देखि थप गुरुखोला गा.वि.स., देहिमाण्डौ, दुर्गाभवानी, ग्वाल्लेक, नागार्जुन, दुर्गास्थानका का केहि वडाहरु थप भई स्थानिय तह गठन गरीएको यस दशरथचन्द नगरपालिकाले स्थापना काल देखि नै महिलाको सवाललाई सम्बोधन गर्नका लागि आफ्नो वार्षिक नीति कार्यक्रमहरुमा महिलाहरुका ऐजेन्डाहरु समावेश गर्दै, आफ्नो स्थापना कालदेखि नै सामाजिक न्याय र महिला अधिकारको क्षेत्रमा विभिन्न स्तरमा अभियानहरु सञ्चालन गर्दै आएको छ । महिलाहरुको सम्मानपूर्वक बाँच्न पाउने अधिकारको सुनिश्चितताका लागि महिला-हिंसा विरुद्धको अभियान, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको सुनिश्चितताका लागि आफ्ना कार्यक्रमहरु अगाडी वढाउदै आएको छ । महिला अधिकारको क्षेत्रमा कार्यरत संघ संस्थाहरुको समन्वय तथा सहकार्यमा मानव अधिकार तथा सामाजिक न्यायका अभियानमा समेत दशरथचन्द नगरपालिकाकाले काम गरिरहेको छ । महिलाहरुको अगुवाइमा समस्या पहिचान , समस्याहरुको विश्लेषण , योजना छनौट , योजना कार्यान्वयन तथा नेतृत्व क्षमता अभिवृद्धिमा सहजीकरण र महिला सशक्तीकरणको माध्यमबाट विभिन्न नीति निर्माण, परिमार्जन तथा कार्यान्वयनका लागि सशक्त रूपमा अधिकारकर्मी संघ संस्थाहरु र दातृ निकायहरु संग समन्वय सहकार्य गर्दै पैरवी गर्दै आइरहेको छ । महिला माथि गरिने भेदभाव र मानव बेचबिखन/ओसारपसार महिलाहरूको आधारभूत मानव अधिकारको हनन् भएकाले त्यसको अन्त्य गर्नका । लागि महिलाहरूका विशिष्ट अधिकारहरू सुनिश्चित गरिनुपर्दछ भन्ने मान्यता यस नगरपालिकाको रहेको छ ,महिलाहरुको अधिकार सुनिश्चीत गर्नका लागी नेपालले सयुक्त राष्ट्र संघद्धारा जारी गरिएको अभिसन्धी महिलाहरु प्रति हुने सवै प्रकार विभेदहरुको अन्त्य (१९७९)मा हस्ताक्षर गरेर विभिन्न नीति तथा कानुनहरु पनि तर्जुमा गरिसकेको छ । २०७५ भदौ देखि कार्यान्वयनमा आएको देवानी संहिता ऐन र नेपालको संविधानको धारा ३८ ले दिएको महिला अधिकार सम्बन्धी व्यवस्था अनुसार समाजका सवै पक्षमा सारभुत समानताका लागि मार्ग प्रसस्त भएको छ । स्थानीय तहमा सरकार , समुदाय , गैर सरकारी संस्था र साझेदार संस्थाहरु संगको छलफलका आधारमा संविधान तथा कानुनले निर्दिष्ट गरेअनुसार महिलाहरुको हक अधिकार सुनिश्चित गर्नका लागि दशरथचन्द नगरपालिका बैतडी द्धारा महिला संरक्षण सम्बन्धी रणनीति २०७५ तयार गरीएको छ ।

**विषय र प्रशगंले अर्को अर्थ नलागेमा यस नीतिमा,**

१.“महिला ” भन्नाले सवै वर्ग क्षेत्र समुदायका महिलाहरुहरुलाई सम्झनु पर्दछ ।

२. संविधान भन्नाले नेपालको संविधान २०७२ बमोजिम महिलाको हकलाई सम्झनु पर्दछ ।

३.“स्थानिय तह ” भन्नाले दशरथचन्द नगरपालिका नगर कार्यपालिका लाई सम्झनु पर्छ ।

४.महिला अधिकार भन्नाले महिलाहरु प्राप्त गर्ने जन्म सिद्ध अधिकारहरु सम्झनु पर्नेछ यस अर्न्तगत गर्भ धारण गर्न पाउने अधिकार ,सुरक्षित मातृत्वको अधिकार ,प्रशुति सेवाको अधिकार,तलब सहित सुत्केरी विदाको अधिकार र स्तनपान गराउने अधिकार आदि ।

५. महिला हिंसा भन्नाले महिलाहरु प्रति गरिने मानसिक ,शारिरिक हिंसा सम्झनु पर्दछ ।

६.Gender भन्नाले निश्चित समाज र सँस्कृतिको आधारमा निर्धारण गरिएको महिला र पुरुष बिचको भुमिकालाई बुझिन्छ ।

७.लैगिक भेदभाव भन्नाले लिंगका आधारमा महिला पुरुष विच गरिने विभद बुझिन्छ ।

६. यो कार्यविधी २०७५ नगर कार्यपालिका बाट स्विकृत भई लागु गरिने छ र उक्त कार्यविधि लाई आगामि दिनमा बस्ने नगरसभाबाट अनुमोदन गरीने छ ।

**परिकल्पना** :

सामाजिक न्यायमा आधारित महिला अधिकार सुनिश्चितता सहितको समाज निर्माण गर्नु दशरथचन्द नगरपालिकाको परिकल्पना रहेको छ ।

**लक्ष्य :**

१.महिलाको मुलभुत अधिकारहरुलाई सुनिश्चत गर्दै समुन्नत न्यायपुर्ण लैंगिक रुपले समावेशी तथा समतामुलक नगरपालिका निर्माण गर्नु दशरथचन्द नगरपालिकाको लक्ष्य रहेको छ ।

**उदेश्य :**

१.स्थानीय विकास एवं सामाजिक राजनैतिक र आर्थिक जीवनका सवै पक्षहरुमा सवै जातजाती र क्षेत्रका महिलाहरुको समान अधिकार सुनिश्चत गर्दै लैंगिक रुपले समावेशी र समतामुलक समाजको निर्माण गर्ने ।

२.महिला विरुद्ध हुने सवै प्रकारका हिंसा अन्त्य गर्ने ।

३.विकास निर्माणका सवै प्रक्रियाहरुमा महिलाहरुको क्रियाशिलता सुनिश्चतता गर्ने ।

४.महिला मानव अधिकार रक्षकहरूको पहिचान र सुरक्षा

५. प्राकृतिक स्रोत साधनहरुमा महिलाहरुको पहुंच तथा दिगो जीविकोपार्जन

६. महिलाको स्वास्थ्य अधिकार

७. आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार र दिगो शान्ति स्थापनामा मद्त ।

८. संविधानको परिधि भित्र रहेका मौलिक हकको सुनिश्चितता ।

९.दलित ,जनजाती ,एकल महिला ,अपांग महिला र गरिवीको चपेटामा परेका महिलाहरुको लागि आर्थिक सामाजिक कार्यक्रमहरु संचालन गर्ने ।

५.महिला विरुद्ध हुने सवै प्रकारका विभेद पुर्ण रुपमा अन्त्यका लागि वातावरण निर्माण गर्ने ।

**सवल पक्षहरु :**

क) महिला अधिकारको अधिकारका क्षेत्रमा यस नगर पालिकामा विभन्न निकायहरु संग समन्वय सहकार्य गरिरहेको छ ।

ख) नगरपालिकामा महिला सम्बन्धी शाखा नै स्थापना भएको छ ।

ग)नगर क्षेत्र भित्रका सरोकारवालाहरु , राजनीतिक दलका प्रतिनिधी, नगर कार्यपालिका,महिला क्षेत्रमा काम गर्ने संघ संस्थाहरु महिला हिंसा न्यूनीकरण गर्नका लागि एकजुट लागि रहेका छन ।

घ)स्वास्थ्य व्यवस्थापन समिति, विद्यालय व्यवस्थापन समिति, वडा स्तरिय योजना तर्जुमा समिति र उपभोक्त समितिहरुमा महिलाहरुको सहभागीता सुनिश्चित हुदै गईरहेको छ ।

**चुनौतिहरु पक्षहरु :**

१ महिला हिंसाका घटनाहरु बढदै जानु ।

२ ग्रामीण समुदायका महिलाहरुमा सचेतनाको कमी ।

३ घरायसि कार्य बोझका कारण महिलाहरु अन्य कार्यमा सरिक हुन नसक्नु ।

४. धार्मीक विश्वास तथा रुढिवादि परम्परा कायमै हुनु ।
५.महिलाहरुको समस्या प्रति सरोकारवाला निकायहरु गम्भीर नहुनु ।
६.एकिकृत योजनाहरुमा महिलाहरुको  योजना नसमेटिनु ।
७.सफा पिउने पानीको अभाव ।
८.विपन्न समुदायका गर्भवति महिलाहरुलाई पोषणयुक्त खानाको अभाव ।
९.बढदो भ्रुण हत्या ।
१०.खुला रुपमा मदिरा विक्रि वितरण का कारण महिला हिंसा बढदै जानु ।

**अवसरहरु :**

१ स्थानीय तह गठन भई अधिकाशं निर्वाचित पदाधिकारीहरु महिला अधिकार मानव अधिकार वारे जानकार भएकाले काम गर्न सहज ।

२ दशरथचन्द नगरपालिकाले आफ्नो नीति तथा कार्यक्रममा महिलाहरुका सवाललाई समावेश गरेको ।

**दशरथचन्द न.पा.ले अवलम्बन गर्ने नीतिहरु :**

१.स्थानीय तहको कार्यक्रम तर्जुमा गर्दा लैंगिक विश्लेषण र लैगिक वजेट प्रणालीलाई अनिवाय गर्दै अनुगमन तथा मुल्यांकनको सयन्त्र निर्माण गर्ने ।
२.लैगिक समानता ,मुलप्रवाहीकरण र महिला सशक्तिकरणका पक्षमा सचेतनामुलक अभियान संचालन गर्दा समुदाय ,गैर सरकारी संस्थाहरुको समन्वय तथा सहकार्यमा गर्ने ।
३.श्रोत र साधनमा महीलाहरुको पहुंच ,स्वामित्व र नियन्त्रण वढाउने कार्यक्रमलाई प्राथमिकता दिइनेछ
४.महिलाहरुको पक्षमा तर्जुमा गरिएका ऐन नियम तथा कानुनहरुलाई समुदायका महिलाहरु समक्ष पुगाउनका लागि  आवश्यक क्रियाकलापहरु (गोष्ठी,बैठक,एफ.एम.प्रशारण )सञ्चालन गर्ने ।
५.महिला हिंसा निवारण र पुर्नस्थापना कोषको स्थापना गर्ने ।
६.महिलाहरुलाई ब्यवशाय सञ्चालन तथा आयमुलक कार्यमा संलग्न गराई स्वरोजगारी सृजना गर्न वीउ पुजीको ब्यवस्था मिलाउने ।

**<u>दशरथचन्द न.पा. द्धारा संचालन गरिने कार्यनीति(कार्यक्रम)हरु</u> :**

- महिला हिंसाका कारण पहिचान , महिलाको सवालमा कार्यरत संघ संस्थाहरुको पहिचान तथा सञ्जाल निर्माण, संस्थागत विकास र सुदृढीकरण, क्षमता अभिवृद्धि, समन्वय र सहकार्य गर्ने ।
- दशरथचन्द न.पा. भित्र रहेका सरोकारवाला निकायहरुको समन्वय तथा सहकार्यमा महिला समबन्धी घटनाहरुको अभिलेखीकरण, अनुसन्धान, प्रकाशन  तथा सहयोगी संयन्त्रको विकास ( सुरक्षावास, मनोविमर्श, कानूनी सहयोग, स्वास्थ्य सेवा) यस अभियानका कार्यनीतिहरू रहेका छन् ।
- महिला अधिकार सुनिश्चितता तथा महिला हिंसाको न्यूनीकरण गर्न आवश्यक तथ्यगत पैरवीका लागि महिला अधिकारकर्मी तथा मानव अधिकारकर्मी संघ संस्थाहरु संग समन्वय गरेर  समुदाय स्तरदेखि, नगरपालिका तह सम्म अभियानका  कार्यक्रम सञ्चालन
- विभिन्न विषयगत कार्यालयहरु संग समन्वय सहकार्य गर्दै महिलाहरुको सामाजिक ,आर्थिक ,राजनैतिक , सास्कृतिक विकासका कार्यक्रम सञ्चालन ।
- महिला अधिकारको सुनिश्चितता गर्न विभिन्न खाले चेतनामूलक कार्यक्रम (एफ.एम.प्रशारण,सडक नाटक , क्षमता अभिवृद्धि (तालिम ,गोष्ठी) कार्यक्रम सञ्चालन ।
- दशरथचन्द नगरपालिका क्षेत्रमा कार्यरत समुह , सामुदायिक संस्था तथा सञ्जालको सुदृढीकरण र संस्थागत विकास गरी समुदायमा घटेका महिला हिंसाका घटनाहरुको

सामुहिक रुपमा न्यायका लागि पैरवी । महिलाहरुको समग्र विकासका लागि संघ संस्था, नागरिक समाज,विद्यालय, राजनैतिक दल, सरकारी निकाय तथा न्यायिक निकायहरु लगायत अन्तर्राष्ट्रिय संघ संस्थाहरु संग निरन्तर रुपमा समन्वय र सहकार्य ।

- नेपालको संविधानको मौलिक हक कार्यान्वयनका लागि संविधानको धारा ३८(३) बमोजिम सबै प्रकारका महिला हिंसालाई कानुनी दायरामा ल्याउने र पीडितलाई क्षतिपूर्ति दिने, र धारा ३८ (५) बमोजिम महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा विशेष अधिकार सुनिश्चित गर्ने ।
- महिला उपर हुने घरेलु हिंसा, दुर्व्यवहार, लैंगिक हिंसा, बोक्सीको आरोप, बलात्कार, दाईजो तथा बालविवाह अन्त्यका लागि सामाजिक सचेतना कार्यक्रम नगरव्यापी रूपमा सञ्चालन गरिनेछ ।
- सार्वजनिक स्थलमा हुने लैंगिक हिंसा न्यूनीकरणको लागि सूचक निर्माण गरी कार्यान्वयनमा ल्याइने छ । लैंगिक हिंसा अन्त्यमा पुरुष तथा युवा सहभागिता परिचालन गर्ने गरी पुरुष सञ्जालीकरणको विस्तार गरिनेछ ।
- समाजमा बिद्यमान अन्धविश्वास छाउपडी प्रथा लगायतका सामाजिक कुरीति अन्त्य गर्न सामाजिक जागरण सहित सचेतना र पैरबीका विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- स्थानीय तहमा निर्वाचित महिला जनप्रतिनिधिहरूको क्षमता विकासको लागि प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिलाहरुका पक्षमा बनेका ऐन कानुनहरु वारे जानकारी गराउने ।
- महिलाहरुको क्षमता विकासका लागि दातृ निकाय र जिल्ला स्तरका सरोकारवाला निकाहरुको समन्वयमा क्षमता अभिबृद्धि सम्बन्धी गोष्ठी तथा तालिम सञ्चालन गर्ने ।
- आर्थिक रुपमा विपन्न तथा सामाजिक रुपमा पिछडिएका असहाय एकल महिलालाई एकल महिला कोषको परिचालन मार्फत जिविकोपार्जनका लागि व्यवस्था गरिनेछ ।
- सार्वजनिक यातायात र  सार्वजनिक स्थानमा महिला हिंसालाई शून्य बनाउन सरोकारवाला निकायहरु संग छलफल गरि अगाडी वढ्ने ।
- महिलाहरुको आर्थिक अवस्था सुधारका लागि बीउ पुजी मार्फत उत्पादनमुलक ब्यवशायका कार्यक्रमहरुमा महीलाहरुलाई सहयोग गर्ने ।
- महिलाहरुको लागि मागका आधारमा सीपमुलक तालिमहरु संचालन गर्ने ।
- ११ वटै वडाहरुमा महिलाहरुको समुह निर्माण गरेर अधिकारमुखी अवधारणा वारे छलफल कक्षा सञ्चालन गर्ने ।
- लक्षित समुदायको महिलाहरुको विपन्नताको अवस्था लाई मध्यनजर गरेर सेवा प्रवाह कार्यलाई प्राथमिकता दिने ।
- समाजमा विद्यमान कुरिती कुसंस्कार विरुद्ध जनचेतनामुलक अभियान सञ्चालन गर्नुका साथै श्रीमान श्रीमति , साशु बुहारी छलफल कार्यक्रमहरु गर्ने ।
- दशरथचन्द न.पा. भित्र रहेका सरकारी गैरसरकारी निकायहरुको समन्वय तथा सहकार्यमा आवश्यकतानुसार महिला लक्षित कार्यक्रमहरु तर्जुमा गरेर कार्यान्वयन गर्ने ।
- समुदायमा विभिन्न संघ संस्था तथा  कार्यक्रमहरु मार्फत निर्माण गरिएका महिला समुहरुको नेतृत्व विकास  वचत ऋण परिचालन ,सामाजिक परिचालन, नियमति वैठक आदिमा सहजीकरण

- विपन्न तथा पिछडिएका महिलाहरुको आवश्यकता पहिचान गरी उनीहरुको सामाजिक तथा आर्थिक विकासमा टेवा पुऱ्याउने
- समूहका सदस्यहरुको सामाजिक परिचालन र चेतना जागरण कार्यक्रम सञ्चालन गर्ने;
- महिलाहरुमा नेतृत्व गर्ने क्षमता र सीपको विकास गरी स्थानीय विकासका कार्यमा उनीहरुको
- सहभागितालाई अभिवृद्धि गर्ने; लैगिक हिंसा न्यूनीकरणका लागि समुदायस्तरमा नियमित अन्तरक्रिया, छलफल तथा अभियानमूलक कार्यक्रम सञ्चालन गर्ने ।
- दशरथचन्द न.पा.मा महिलामाथी हुने हिंसाको कारण पत्ता लगाई सो सम्बन्धी जनचेतनामुलक कार्यक्रम संचालन गर्ने ।
- समाजमा जरो गाडेर रहेको पितृसत्ता र यसले स्थापित गरेको मूल्यमान्यता, परम्परा र संस्कृति नै महिला बिरुद्ध हिंसाको प्रमुख कारणलाई मध्यनजर गरेर महिलाहरुको भुमिमा स्वामित्वका लागि संयुक्त लाल पुर्जा कार्यक्रम । प्राकृतिक विपदका समयमा महिलाहरु नै बढि प्रभावित तथा जोखीममा पर्ने भएकाले महिलाहरुका लागि बिपद् जोखीम न्युनीकरण समबन्धी तालिम गोष्ठी संचालन ।
- महिला हिंसा बिरुद्धको पैरवीलाई वृहत र प्रभावकारी रुपमा अगाडी बढाउन हरेक विद्यालयहरुमा सचेतनामुलक गाष्ठी ,अभियान सञ्चालन ।
- लैङ्गिकतामा आधारित हिंसा र यसका कारण तथा परिणाम र महिला अधिकारसंग संम्वन्धित विभिन्न विषय तथा सवालहरुमा समुदाय स्तरदेखि नै सचेतनामुलक कार्यक्रम तथा अभियान संचालन ।
- दशरथचन्द न.पा. भित्र रहेका विद्यालयका शिक्षिका तथा छात्राहरुका लागि महलिा हिंसा विरुद्ध गाष्ठी तालिम सञ्चालन ।
- लैङ्गिकतामा आधारित हिंसा तथा यौन दुर्व्यवहार, यौन तथा प्रजनन स्वास्थ्य एवं अधिकार, बालविवाह र यसका असरहरु विषयहरुमा अभिमुखीकरण ।
- महिला हिंसाका घटनाहरु तथा महिला अधिकारका सवालहरुमा स्वयम् समुदायका महिलाहरुलाई नै जागरुक तथा सशक्तीकरणका लागि एफ.एम.मार्फत सन्देशमुलक कार्यक्रम प्रशारण ।
- विभिन्न सरोकारवाहरुको असम्वेदनशीलता, गैरजिम्मेवारी एवम् मौनता नै महिलामाथि भएका र हुनसक्ने हिंसाको एक प्रमुख कारणलाई मध्यनजर गरेर सरोकारवाला निकायहरु विच चौमासक रुपमा न.पा. स्तरमा अर्न्तक्रिया ।
- आर्थिक रुपमा विपन्न, दलितका साथै मर्कामा परेको घरपरिवारका व्यक्तिहरुलाई आयआर्जनको स्रोत बढाउन अनुदान सहयोग, सीपमुलक तालिम, वीउ विजन , बाखापैचौ कार्यक्रम सञ्चालन ।
- अति गरिव एवं विपन्न समुदायका महिलाहरुको लागि विभिन्न किसिमका मौसमी तथा बेमौसमी तरकारी खेतीबारे तालिम तथा आवश्यक सामग्री सहयोग ( प्लास्टीक टन्नेल, होजीयारी ,वीउ विजन, झोलमल आदि ) ।
- घरदैलो कार्यक्रम तथा शिविर मार्फत विभिन्न प्रकारका अभिमुखीकरण कार्यक्रमहरु ( महिला हिंसा, सुरक्षित मातृत्व , सुत्केरी अवस्थामा लगाइने खोप , प्रजनन स्वास्थ्य, सरसफाइ लगायतका विषयहरुमा अभिमुखीकरण तथा सेवा प्रवाह ।

- घरेलु तथा साना उद्योग स्थापनामा महिलाहरुलाई अनुदान सहयोग ।

**क) महिला अधिकार का अर्न्तराष्ट्रिय आधारहरु :**

**मानव अधिकारको विश्वब्यापी घोषणपत्र** : सन् १९४५ मा संयुक्त राष्ट्र संघको स्थापना भएपछि सन् १९४८ मा आएको **मानव अधिकार सम्बन्धीविश्वव्यापी घोषणा पत्र १९४८** ले प्रत्येक मानिसको आफ्नो विचारको स्वतन्त्रता, सुचनाको पहुँच, संघ संस्था खोल्ने र संगठित हुने अर्थात आफु संग सरोकार राख्ने बिषयमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहभागी भै लाभ लिनुका साथै प्रभाव पार्ने अधिकार सुनिश्चित गरेको छ ।**सहभागितालाई मानव अधिकारको** आधारभुत सिद्धान्तको रुपमा यसले स्वीकार गरेको छ ।सन् १९७९ मा महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि (Convention on the Elimination of All forms of Discrimination Against Women)नेपालले सन् १९९१ अप्रिल २२ तारिखका दिन यस महासन्धिलाई बिना शर्त अनुमोदन गरिसकेको छ ।
**अर्न्तराष्टिय नारी वर्ष** १९७५ : सयुक्त राष्ट संघको महासभालले १९७२मा १९७५लाई अर्न्तराष्टिय नारी वर्ष घोषाणा गरयो । उक्त घोषणा महिला र पुरुष विच समानता प्रवर्द्धन गर्ने ,विकासमा सवै प्रक्रियाहरुमा महिलाहरुको पुर्ण एकीकरण सुनिश्चित गर्ने र विश्व शान्तीको सुदृढिकरण महलिाको योगदान वढाउने आह्वान थियो ।
**पहिलो विश्व महिला सम्मेलन १९७५** : अर्न्तराष्टिय नारी वर्षकै अवसरमा मेक्सीकोको सिटीमा पहिलो महिला विश्व सम्मेलन भयो सयुक्त राष्ट्र संघको तत्वाधानमा समपन्न सम्मेलनले समानता ,विकास र शान्तीका बृहत लक्ष्य हासिल गर्न कार्य योजना पारित गर्‍यो । सम्मेलनमा १०० भन्दा बढि देशहरुले भाग लिएका थिए ।

**सयुक्त राष्ट संघिय नारी दशक १९७६ - १९८५** :पहिलो विश्व महिला सम्मेलनको आग्रहमा समानता,विकास र शान्तीको नारा सहित सयुक्त राष्ट संघिय नारी दशक
**दाश्रो विश्व नारी सम्मेलन १९८०** :सयुक्त राष्ट संघको अग्रसरतामा दाश्रो महिला सम्मेलन कोपेहेगनमा समपन्न १९८० जुलाई १४ देखि ३० सम्म चलेको सम्मेलनमा १४५ राष्टले भाग लिएका लिए । समपत्तिमा महिलाको स्वामित्व एवं नियन्त्रणमा वारे सम्मेलनले जोड दिएको थियो
**तेश्रो विश्व सम्मेलन १९९५** : १९८५ मा समपन्न सम्मेलनमा १४० वटा देशको सहभागीता रहेको थियो महिलाको उन्नतिका लागि लैंगिक विभेदको अन्त्य र विकासका प्रक्रियाहरुमा महिलाहरुको एकिकरण लाई प्राथमिकता दिइएको ।
**चौथो विश्व महिला सम्मेलन** :१९९५ सेप्टेम्वर ४ देखि १५ सम्म बेजिड.मा चलेको सम्मेलन १८९ देशका प्रतिनिधीहरुको उपस्थिती रहेको थियो । महिलाहरुको सामाजिक , राजनैतिक तथा आर्थिक सशक्तिकरण गर्ने प्रयासमा बेजिड.मा जारी घोषणा पत्र साझा संसरको मार्ग दर्शन भएको थियो । महिला र गरिवी ,महिलाको शिक्षा दिक्षा,,महिला र स्वास्थ्य ,महिलामाथीको हिंसा ,महिला र सशत्र संघर्ष ,महिला र अर्थतन्त्र ,शक्ति र निर्णय कार्यमा महिला , महिलाको उन्नतीका लागि संस्थागत समयन्त्र ,महिलाको मानवीय अधिकार ,महिला र संचारका माध्यम ,महिला र वातावराण सम्मेलनका प्रमुख उपज थिए ।
**ख) महिलाहरुकालागि राष्ट्रिय स्तरका नीतिगत तथा कानुनी व्यवस्थाहरु :**

महलि‍ा अधिकार अधिकार र उनिहरुको सहभागिताका कुरा गर्दा अर्न्तराष्ट्रिय मात्र नभई राष्ट्रिय स्तरका विभिन्न समयमा लागु भएका दस्तावेजहरुमा पनि उल्लेख गरिएका छन :
**नेपालमा महिला विकास** :

छटौ पञ्चबर्षिय योजनामा महिला सहभागीता प्रवर्द्धन गर्ने छुट्टै नीती पहिलो पटक आएको । महिलाहरुलाई तालिम प्रदान गरेर कृषि विकास कार्यक्रममा सहभागी गराउने साझा संस्थाहरु मार्फत तालिम पुजी एवं वजार व्यवस्थापनका सुविधा उपलब्ध गराउने ,विकास प्रक्रियामा महिला सहभागीतालाई अवरोध गर्ने कानुनहरु संसोधन गर्ने खालका कायक्रम छटौ योजनाका प्रमुख उपलब्धी थिए ।

**पारश्रमिक आयमा छुट** : महिलाको पारश्रीमिक आयमा १० प्रतिसत छुट हुने व्यवस्था छ ।

**आयकरमा छुट :** महिलाहरु द्धारा संचालित उद्योगहरुमा २० प्रतिसत छुट ।

**उद्योग दर्तामा छुट** : महिलाहरु द्धारा संचान गरिने उद्योग दर्ताका क्रममा ३५ प्रतिसत छुट ।

जग्गा रजिष्टेसनमा छुट : हिमाली जिल्लामा ५० प्रतिसत एकल महिला ३५ प्रतिसत र अन्य महीलाहरुलाई २५ छुटको व्यवस्था ।

**सयुक्त लाल पुर्जाको प्रावधान** : पति र पत्नी दुवैको नाममा जग्गा दर्ता का क्रममा २५ प्रतिसत छुट

**लैंगीक हिंसा पिडितहरुलाई सहायता** :

यातायात र खाना खर्च वाफत प्रतिदिन २५० ,औषधी उपचार वाफत बढिमा २००० , कानुनी सुविधा र मनोपरामर्षका लागि बढिमा ५०००, व्यवशाय संचालन गर्न पुजीको रुपमा वस्तु तथा नगद गरी २०,००० सम्म, पुर्नस्थापनाका लागि ५०००

**अनुगमन तथा मुल्यांकन :**

रणनीति अनुसार संचालन गरिने क्रियाकलापहरुको प्रभावकारीताका लागि सरोकारवाला निकायहरु संगको समन्वय तथा सहकार्यमा अनुगमन मुल्यांकन गरिनेछ । अनुगमन मुल्यांकनका क्रममा प्राप्त सुझावहरुका आधारमा रणनीतिलाई परिमार्जन गर्दै लगिनेछ । साथै तपशिल बमोजिमका पदाधिकारी रहने गरी अनुगमन समिति गठन गरीनेछ ।

तपशिल :

| | |
|---|---|
| नगर उप प्रमुख | -संयोजक |
| प्रमुख प्रशासकिय अधिकृत | -सदस्य |
| नगर कार्यपालिकाका सबै महिला सदस्य | -सदस्य |
| महिला सम्बन्धि काम गर्ने गैसस हरुमध्येबाट न.पा.ले मनोनयन गरेको २ जना | -सदस्य |
| पत्रकार महासंघ बाट १ जना | -सदस्य |
| नगर स्तरीय बालसञ्जाल बाट बालिका १ जना | -सदस्य |
| महिला बालबालिका तथा ज्येष्ठ नागरीक शाखा प्रमुख | -सदस्य सचिव |